# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)
काठमाडौं, नेपाल

## एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/०७

**श्री आदरणीय शेयरधनी महानुभावज्यूहरू,**

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस मैलुङ खोला जल विद्युत कम्पनी लिमिटेडको एघारौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१/०९/२८ गते, आइतबार (तद्अनुसार जनावरी १२, २०२५)
समय : विहान ११:०० बजे
स्थान : कुण्डलिनी दरबार ब्यांक्वेट, चण्डोल, महाराजगंज, काठमाण्डौ।

**वार्षिक साधारण सभामा पेश गरीने छलफलका प्रस्तावहरू**

**साधारण प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।
२. आ.व.२०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०८०/०८१ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने।
४. सञ्चालक समिति मा प्रतिनिधित्वो गर्ने सञ्चालकहरू (४ जना) को निर्वाचन गर्ने सम्बन्धमा
५. विविध

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१७ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०९/१६ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन योग्य हुनेछन्।
२. वार्षिक साधारणसभा स्थलमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिर पुस्तिका सभा स्थलमा सभाहुने दिन विहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ।
३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरू ले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हिताग्राही खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै यस संस्थाको रजिष्टर्ड कार्यालय उत्तरढोका, काठमाडौंमा दर्ता गराइ सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भइ हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ।
५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी यस संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।
६. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको स्वतः बदर हुनेछ।
७. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वय उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको स्वतः बदर हुनेछ पछिल्लो प्रतिनिधि कायम हुनेछ।
८. नाबालक शेयरधनीको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
९. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।
१०. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहानु भएको विषय बारेमा साधारणसभा हुनु भन्दा कम्तिमा ७ दिन अघि यस संस्थाको रजिष्टर्ड कार्यालय मार्फत यस संस्थाका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालयमा उपलब्ध हुनेछ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोट :** निर्वाचन तथा अन्य आबश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौंमा ०१-४५३२३७२ वा Website: www.mailungkhola.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ।